परिवर्तनका लागि एक नयाँ आवाज
# टक नेपाल
Talk Nepal National Daily राष्ट्रिय दैनिक




वर्ष : ४ अंक : २८७ पृष्ठ ४ २०८३ साउन २१ गते बिहीबार 6 August, 2026 मूल्य रु. ५/-
हामीलाइ www.talknepaltv.com मा पनि पढ्न सकिन्छ ।

# मधेशमा ट्रान्सफर्मर चोरी बढ्दो, सिँचाइ र खानेपानी सेवा प्रभावित

● टक नेपाल

मधेश प्रदेशमा पछिल्लो समय ट्रान्सफर्मर चोरीका घटना बढ्दै जाँदा खानेपानी, सिँचाइ तथा विद्युत् सेवामा गम्भीर असर परेको छ । महोत्तरी, धनुषा र सिरहालगायत जिल्लामा एक महिनाभित्र आठभन्दा बढी ट्रान्सफर्मर चोरी भएका छन् भने आर्थिक वर्ष २०८२/८३ मा मात्रै प्रदेशभर ५७ वटा घटना दर्ता भएका छन् ।

महोत्तरीको बर्दिबास नगरपालिका-१२ बिजलपुरास्थित पञ्चधुरा खानेपानी आयोजनाको ट्रान्सफर्मर साउन १९ गते राति चोरी भएको थियो। ट्रान्सफर्मरभित्रको तामाको क्वाइल निकालेर फालिएको अवस्थामा फेला परेपछि विद्युत् आपूर्ति अवरुद्ध भएको छ। यसबाट करिब २०० घरधुरीमा खानेपानी वितरण प्रभावित भएको स्थानीयले बताएका छन् ।




यस्तै, धनुषाको मिथिला नगरपालिका-२ नक्टाझिजस्थित जनता माध्यमिक विद्यालयका लागि जडान गरिएको ट्रान्सफर्मर पनि सोमबार राति चोरी भएको छ। गर्मीयाममा विद्युत् सेवा अवरुद्ध हुँदा विद्यालय र स्थानीय बासिन्दा दुवै प्रभावित भएका छन् ।

यसअघि सोही स्थानको खानेपानी आयोजनामा जडान गरिएको ५० केभी क्षमताको ट्रान्सफर्मर चोरी हुँदा करिब ७०० घरधुरीमा खानेपानी आपूर्ति बन्द भएको थियो । खानेपानी उपभोक्ता समितिका अध्यक्ष सूर्यनारायण महतोका अनुसार चोरहरूले ट्रान्सफर्मर पोलबाट झारेर तामाको तार र तेल चोरी गरी बाँकी भाग घटनास्थलमै छाडेका थिए ।

नेपाल विद्युत् प्राधिकरण गौशाला वितरण केन्द्रका प्रमुख इन्जिनियर उमेशप्रसाद यादवका अनुसार चोरहरूले ११ हजार भोल्टको विद्युत् प्रवाह भइरहेको लाइनलाई सर्ट गराएर ट्रान्सफर्मर खोली तामाको क्वाइल चोरी गर्ने गरेका छन् । उनका अनुसार पछिल्ला दुई वर्षमा गौशाला वितरण केन्द्रअन्तर्गत मात्रै १७ वटा ट्रान्सफर्मर चोरी भएका छन् ।

नेपाल विद्युत् प्राधिकरण मधेश प्रदेशका प्रमुख इन्जिनियर शम्भु कुसियैत यादवले चोरी भएका ट्रान्सफर्मरबाट निकालिएको तामाको क्वाइल कवाडीमा बिक्री हुने गरेको जानकारी दिनुभयो । प्रतिकिलो करिब चार हजार रुपैयाँसम्मा बिक्री हुने तामाका कारण ट्रान्सफर्मर चोरी बढेको उहाँको भनाइ छ। दुई लाख देखि २५ लाख रुपैयाँसम्म मूल्य पर्ने ट्रान्सफर्मर चोरी हुँदा विद्युत् प्राधिकरणलाई ठूलो आर्थिक क्षति हुने गरेको उहाँले बताउनुभयो ।

मधेश प्रदेशका प्रशासकीय प्रमुख कालीचरणप्रसाद यादव (केसी) ले ट्रान्सफर्मरबाट क्वाइल मात्र चोरी गरिए पनि बाँकी संरचना पूर्ण रूपमा काम नलाग्ने गरी क्षतिग्रस्त हुने बताउनुभयो। चोरी का घटनाबारे प्रहरीमा जानकारी गराइए पनि अधिकांश घटनामा संलग्न व्यक्तिसम्म पुग्न चुनौती रहेको उहाँको भनाइ छ ।

मधेश प्रदेश प्रहरी प्रमुख प्रहरी नायब महानिरीक्षक (डीआईजी) ओमप्रसाद अधिकारीले ट्रान्सफर्मर चोरी सामान्य चोरी नभई प्राविधिक ज्ञान भएका व्यक्तिको संलग्नतामा संगठित रूपमा हुने गरेको बताउनुभयो। उहाँका अनुसार अधिकांश घटना सुनसान क्षेत्रमा रातिको समयमा पूर्वयोजनासहित हुने गरेका छन् ।

प्रदेश प्रहरी कार्यालयको तथ्यांकअनुसार आर्थिक वर्ष २०८२/८३ मा ट्रान्सफर्मर चोरीका ५७ वटा घटना भए पनि २२ वटा घटनामा मात्रै मुद्दा दर्ता भएको छ । ती घटनामा एक व्यापारीसहित १९ जना पक्राउ परेका छन् । महोत्तरीमा मात्रै २८ वटा ट्रान्सफर्मर चोरी भए पनि हालसम्म कुनै पनि आरोपित पक्राउ पर्न सकेका छैनन् ।

कृषि प्रयोजनका लागि जडान गरिएका डिप बोरिङका ट्रान्सफर्मर बढी चोरी हुने गरेका छन् । ट्रान्सफर्मर चोरीपछि सिँचाइ सेवा अवरुद्ध हुँदा रोपिएको धान सुक्न थालेको किसानहरूको गुनासो छ। गौशाला नगरपालिका-१ रामनगरका किसान हरिचन्द्र महतोले लाखौँ रुपैयाँको सिँचाइ पूर्वाधार केही किलो तामाको लोभमा नष्ट हुँदा किसान सबैभन्दा बढी मारमा परेको बताउनुभयो ।

# मधेशमा कार्यसम्पादनका आधारमा मात्रै अतिरिक्त सुविधा, कार्यविधि अन्तिम चरणमा

● टक नेपाल

आर्थिक वर्ष २०८३/८४ को बजेटमार्फत घोषणा गरिएको सरकारी कर्मचारीको तलबवृद्धि कार्यान्वयनका लागि मधेश प्रदेश सरकारले आवश्यक कार्यविधि तयार गर्ने काम अन्तिम चरणमा पुऱ्याएको छ ।

कार्यविधिअनुसार कार्यसम्पादन मूल्याङ्कनमा न्यूनतम ७५ प्रतिशत अंक प्राप्त गर्ने कर्मचारीले मात्रै कार्यक्षमतामा आधारित अतिरिक्त सुविधा पाउने व्यवस्था गरिएको छ।

अर्थ मन्त्रालयका उपसचिव जयकुमार राउतका अनुसार कार्यविधि मन्त्रिपरिषद्बाट स्वीकृत भई राजपत्रमा प्रकाशित भएपछि लागू हुनेछ ।

संघीय सरकारले कर्मचारीको आधारभूत तलबमा १० प्रतिशत वृद्धि गर्ने तथा कार्यसम्पादनका आधारमा थप प्रोत्साहन उपलब्ध गराउने व्यवस्था गरेपछि मधेश प्रदेश सरकारले त्यसको कार्यान्वयनका लागि मापदण्ड तयार गरेको हो । सम्बन्धित मन्त्रालय तथा कार्यालयले सोही कार्यविधिअनुसार कर्मचारीको मूल्याङ्कन गरी अतिरिक्त सुविधा प्रदान गर्ने वा नगर्ने निर्णय गर्नेछन् ।

मन्त्रालयका अनुसार कार्यसम्पादन मूल्याङ्कनका लागि करिब १० वटा सूचक समावेश गरिनेछ। कार्यालय प्रमुख तथा लेखा र प्रशासन शाखाका प्रतिनिधि रहेको समितिले कर्मचारीको मूल्याङ्कन गर्ने व्यवस्था रहनेछ।

प्राविधिक र अप्राविधिक दुवै समूहका कर्मचारीका लागि ४० प्रतिशत अंक समान प्रकृतिका सूचकबाट निर्धारण गरिनेछ भने बाँकी ६० प्रतिशत अंक कर्मचारीको कार्यसम्पादन, जिम्मेवारी र उपलब्धिका आधारमा प्रदान गरिनेछ।

स्वास्थ्य क्षेत्रमा कार्यरत कर्मचारीको मूल्याङ्कन बिरामीप्रतिको व्यवहार, स्वास्थ्य प्रवर्द्धन तथा जनचेतनामूलक कार्यक्रममा सहभागिता, कार्यदक्षता, अनुशासन र आचरण लगायतका सूचकका आधारमा गरिने मन्त्रालयले जनाएको छ।

मूल्याङ्कन सम्पन्न भएपछि सम्बन्धित कार्यालयले प्रतिवेदन माथिल्लो निकायमा पठाउनुपर्ने व्यवस्था रहनेछ। साथै, कार्यविधिले सबै सरकारी कार्यालयमा डिजिटल हाजिरी प्रणाली अनिवार्य गर्ने तयारी गरेको छ।

हाल डिजिटल हाजिरी व्यवस्था नभएका कार्यालयमा रजिस्टरमा रहेको हाजिरी अभिलेखका आधारमा मूल्याङ्कन गरिने भए पनि कार्यविधि लागू भएपछि डिजिटल हाजिरी अनिवार्य हुने मन्त्रालयको भनाइ छ।

पछिल्ला तीन-चार वर्षदेखि तलब तथा सेवासुविधा नबढेको भन्दै कर्मचारीले असन्तुष्टि जनाउँदै आएका छन् । सरकारले बजेटमार्फत तलब पुनरावलोकनको घोषणा गरे पनि साउनको तेस्रो सातासम्म कार्यविधि स्वीकृत नभएकाले बढेको तलब तथा कार्यसम्पादनमा आधारित अतिरिक्त सुविधा साउन महिनादेखि नै लागू हुने वा पछि कार्यान्वयनमा आउने भन्ने विषयमा अझै अन्योल कायम रहेको छ।



पत्रिकाका लागि एक नयाँ आवाज
टक नेपाल
Talk Nepal National Daily
राष्ट्रिय दैनिक

## सम्पादकीय

### प्राविधिक शिक्षा समृद्धिको आधार

नेपालमा बेरोजगारी, वैदेशिक रोजगारीप्रतिको बढ्दो निर्भरता र दक्ष जनशक्तिको अभावजस्ता चुनौतीबीच प्राविधिक तथा व्यावसायिक शिक्षा राष्ट्रिय विकासको प्रभावकारी आधारका रूपमा स्थापित हुँदै गएको छ । कुनै समय दोस्रो रोजाइ मानिने प्राविधिक शिक्षा आज उत्पादनशील अर्थतन्त्र, रोजगारी सिर्जना, उद्यमशीलता र आर्थिक समृद्धिको प्रमुख माध्यम बनेको छ।

संविधानले शिक्षाको अधिकार सुनिश्चित गर्दै रोजगारी मुखी शिक्षालाई प्राथमिकता दिएको छ। राष्ट्रिय शिक्षा नीति तथा विकास योजनाले पनि दक्ष जनशक्ति उत्पादनलाई राष्ट्र निर्माणको आधार मानेका छन् । स्वास्थ्य, कृषि, निर्माण, पर्यटन, सूचना प्रविधि र ऊर्जा लगायतका क्षेत्रमा दक्ष प्राविधिकको माग निरन्तर बढ्दै गएको अवस्थामा गुणस्तरीय प्राविधिक शिक्षाको महत्व अझ बढेको छ।

यद्यपि, यस क्षेत्रमा चुनौती पनि कम छैनन् । धेरै शिक्षालयमा आधुनिक प्रयोगशाला, उद्योगस्तरीय उपकरण, दक्ष प्रशिक्षक र समयानुकूल पाठ्यक्रमको अभाव छ । शिक्षा र उद्योगबीचको कमजोर समन्वयका कारण अध्ययन पूरा गरेका विद्यार्थीले कार्यस्थलमा पुगेर पुनः आधारभूत सीप सिक्नुपर्ने अवस्था देखिन्छ। साथै, प्राविधिक शिक्षालाई अझै पनि कम प्रतिष्ठित विकल्पका रूपमा हेर्ने सामाजिक सोच परिवर्तन गर्न आवश्यक छ।

विश्व श्रमबजार तीव्र रूपमा परिवर्तन भइरहेको छ । कृत्रिम बुद्धिमत्ता, साइबर सुरक्षा, रोबोटिक्स, हरित ऊर्जा, डिजिटल स्वास्थ्य र सूचना प्रविधिजस्ता क्षेत्रमा दक्ष जनशक्तिको माग बढिरहेको छ। त्यसैले नेपालको प्राविधिक शिक्षा पनि भविष्यका सीप, नवप्रवर्तन र उद्यमशीलतासँग जोडिनुपर्छ।

गुणस्तरीय प्राविधिक शिक्षामा गरिएको लगानीले बेरोजगारी घटाउने, वैदेशिक रोजगारीलाई सुरक्षित र सम्मानजनक बनाउने तथा स्वदेशमै उत्पादन र रोजगारी सिर्जना गर्ने आधार तयार गर्छ। सरकार, निजी क्षेत्र, उद्योग, शैक्षिक संस्था र स्थानीय तहबीच प्रभावकारी सहकार्य हुन सके नेपालका युवालाई विश्वस्तरीय सीप प्रदान गर्दै उत्पादनमुखी र आत्मनिर्भर अर्थतन्त्र निर्माण गर्ने लक्ष्य हासिल गर्न सकिनेछ।

# धनुषामा दुई दशकमा वनक्षेत्र ११.१७ प्रतिशतले विस्तार

• टक नेपाल



धनुषामा पछिल्लो दुई दशकको अवधिमा वनक्षेत्र ११.१७ प्रतिशतले वृद्धि भएको छ। वन कार्यालय, निजी क्षेत्र तथा विभिन्न सङ्घ संस्थाले वृक्षरोपण तथा हरियाली प्रवर्धनका कार्यक्रम सञ्चालन गरेपछि वनक्षेत्र विस्तार भएको हो ।

डिभिजन वन कार्यालय धनुषाको तथ्याङ्क अनुसार दुई दशकको अवधिमा तीन हजार ८० हेक्टर वनक्षेत्र विस्तार भएको छ। सन् २००० मा २७ हजार ५७८ हेक्टर वनक्षेत्र थियो भने सन् २०२३ मा बढेर ३० हजार ६५८ हेक्टर पुगेको छ।

डिभिजन वन कार्यालय धनुषाका डिभिजनल प्रमुख विनोद सिंहले वनक्षेत्र वृद्धि हुनुमा निजी क्षेत्रको महत्तवपूर्ण योगदान रहेको बताउनुभयो । उहाँले राष्ट्रिय वनक्षेत्रको दायरा यथावत् रहेको बताउँदै निजी वनक्षेत्रमा वृद्धि भएकाले समग्रमा वनक्षेत्र बढेको बताउनुभयो। उहाँका अनुसार पछिल्ला वर्ष निजी जमिनमा उल्लेखनीय वृक्षरोपण भएको छ। वन कार्यालय, समृद्धि वन परियोजनालगायत विभिन्न विकास साझेदार सङ्घ संस्था तथा नागरिक स्वयम् सक्रिय भएर वृक्षरोपण गरेकाले हरियाली क्षेत्र बढेको उहाँको भनाइ छ। डिभिजनल प्रमुख सिंहले निजी जग्गामा आँपलगायतका विभिन्न फलफूल तथा काठजन्य बिरुवा अत्यधिक रोपिएको बताउनुभयो। वन संरक्षण र हरियाली प्रवर्धनप्रति नागरिकको चेतना बढ्दै जाँदा निजी वनको अवधारणा पनि विस्तार हुँदै गएको उहाँले जानकारी दिनुभयो ।

वन अधिकृत तथा प्राविधिक अनिल साहका अनुसार एकै ठाउँमा आधा हेक्टर जमिनमा रुखबिरुवा भएको स्थानलाई वनक्षेत्रमा गणना गर्ने प्रावधान रहेको बताउनुभयो। यही मापदण्डका आधारमा निजी जग्गामा रोपिएको वृक्षलाई पनि वनक्षेत्रका रूपमा गणना गरिएको उहाँले जानकारी दिनुभयो। उहाँका अनुसार पछिल्लो दुई दशकमा निजी जमिनमा आँपलगायत विभिन्न फलफूलका बोट, सिसौ, सपेता जस्ता काठजन्य प्रजातिका रुख उल्लेखनीय रूपमा बढेका छन् । किसानले व्यावसायिक खेतीसँगै वृक्षरोपणलाई आम्दानीको स्रोतका रूपमा लिन थालेपछि निजी वन विस्तार भएको उहाँले बताउनुभयो ।

उहाँले हरियाली प्रवर्धनका लागि गत आर्थिक वर्षमा मात्र निजी क्षेत्र तथा विभिन्न सङ्घ संस्थालाई गरी एक लाख ५० हजार बिरुवा वितरण गरिएको जानकारी दिनुभयो। नदी उकास, खाली सार्वजनिक जग्गा तथा अन्य उपयुक्त स्थानमा गरी ६० हेक्टर क्षेत्रफलमा वृक्षरोपण गरिएको उहाँको भनाइ छ।

उहाँका अनुसार वनक्षेत्र विस्तारसँगै वातावरणीय सन्तुलन कायम राख्न, जैविक विविधताको संरक्षण गर्न, जलवायु परिवर्तनका असर न्यूनीकरण गर्न तथा भूक्षय नियन्त्रणमा समेत योगदान पुगेको छ। हरियाली विस्तारले स्थानीयस्तरमा तापक्रम नियन्त्रण, भूजल पुनर्भरण तथा वन्यजन्तुको वासस्थान संरक्षणमा समेत सहयोग पुगेको वन अधिकृत साहको भनाइ छ।

# धनुषामा सम्बन्धविच्छेदका घटना बढे

• टक नेपाल



धनुषा जिल्लामा पछिल्लो समय सम्बन्धविच्छेदका घटना बढ्दै गएको छ।

जिल्ला अदालतको पछिल्लो तथ्याङ्कले सामाजिक संरचना, बसाइँसराइ, आधुनिक जीवनशैली, आर्थिक अवस्थाका कारण सम्बन्धविच्छेदको घटना बढेको देखाएको हो ।

अदालतका सूचना अधिकारी हेमकुमार महतोका अनुसार आर्थिक वर्ष २०८२/८३ मा सम्बन्धविच्छेदसम्बन्धी ३३३ वटा मुद्दा दर्ता भएका थिए । अघिल्लो आर्थिक वर्षबाट सरेर आएका १६७ समेत अदालतमा सम्बन्धविच्छेदका ५०० मुद्दा अदालतमा थिए । त्यसमध्ये २८१ मुद्दामा फैसला भइसकेको छ भने २१९ मुद्दा विचाराधीन रहेको सूचना अधिकारी महतोले बताउनुभयो ।

अघिल्लो आव २०८१/८२ मा सम्बन्धविच्छेदका ३१५ नयाँ मुद्दा दर्ता भएका थिए । त्यस वर्ष ३४७ मुद्दामा फैसला भएको थियो । एक सय ६७ मुद्दा चालु आर्थिक वर्षमा सरेका थिए। सम्बन्धविच्छेदसम्बन्धी मुद्दा लगातार बढ्दो दर्ता स्॔याले धनुषामा वैवाहिक सम्बन्धमा तनावको प्रवृत्ति बढ्दै गएको देखाएको छ।

शिक्षामा चेतनासगै महिलाको आर्थिक तथा सामाजिक अवस्थामा सुधार, वैदेशिक रोजगारीका कारण लामो समयसम्म पति-पत्नी बेग्लै रहनुपर्ने परिस्थिति, सामाजिक सञ्जालको बढ्दो प्रयोग, पारिवारिक विवाद तथा घरेलु हिंसाका घटनाले वैवाहिक सम्बन्ध अन्त्यका घटना बढिरहेको कानुन व्यवसाय राजकुमार महासेठले बताउनुभयो ।

उहाँका अनुसार गरिबी, बेरोजगारी, वैदेशिक रोजगारीबाट ल्याएको परिवर्तन, एक्लै बस्न रुचाउने जीवनशैली तथा व्यक्तिगत स्वतन्त्रताको बढ्दो चेतनाले दाम्पत्य सम्बन्धलाई नयाँ चुनौती दिइरहेको छ।

पछिल्लो समय महिला वा पुरुष दुवैले आफूलाई अन्याय भएको महसुस गरेमा कानुनी बाटो रोज्ने प्रवृत्ति बढेको उहाँको भनाइ छ। बढिरहेको सम्बन्धविच्छेदले समाजमा एकातिर व्यक्तिगत अधिकारप्रति देखिएको जागरूकता तथा अर्कोतर्फ पारिवारिक सम्बन्धमा संवाद र सहिष्णुताको कमी हुँदै गएको सङ्केत पनि गरेको छ।

कानुन व्यवसायी दीपककुमार विश्वकर्माका अनुसार सम्बन्धविच्छेदसम्बन्धी मुद्दा बढेसँगै अदालतमा पारिवारिक विवाद समाधानका लागि मध्यस्थताको आवश्यकता पनि बढ्दै गएको छ। समयमै परामर्श, मनोवैज्ञानिक सहयोग, वैवाहिक शिक्षा र पारिवारिक संवादलाई प्रोत्साहन गर्न सके बढिरहेको सम्बन्धविच्छेदका घटनालाई केही हदसम्म न्यूनीकरण गर्न सकिने छ। रासस









# सुरुङ युग : समृद्धिको नयाँ ढोका

गोपीकृष्ण ढुंगाना ।

“सुरुङमार्ग कुनै विलासिताको विषय होइन, यो भूगोलको बाध्यता हो। यो सुरक्षित भविष्यको आवश्यकता र समृद्ध अर्थतन्त्रको बलियो आधार हो।“




पहाडले घेरिएको नेपालमा विकासको मुख्य बाधक कठिन भूगोल हो । तर अब पहाड खोपेर समृद्धिको बाटो खन्न सुरु भएको छ। पहाडी देश भएकाले नेपालमा सुरुङमार्गको आवश्यकता अत्यन्तै उच्च छ । ढिलै भए पनि नेपालले औपचारिक रूपमा आधुनिक सुरुङ युगमा प्रवेश गरिसकेको छ । यो नयाँ युगले देशको पूर्वाधार विकासमा क्रान्ति ल्याउने निश्चित छ । यो युगले विकासको गतिलाई अभूतपूर्व रूपमा बढाउने निश्चित छ । सुरुङमार्गले समय र दूरीमात्र छोट्याउँदैन, बरु अर्थतन्त्रलाई समेत चलायमान बनाउन ठूलो र ऐतिहासिक भूमिका खेल्छ । नागढुंगा-सिस्नेरी सुरुङले नयाँ युगको बलियो ढोका खोलेको छ।

नेपालको पूर्वाधार विकासमा यसले ऐतिहासिक माइलस्टोन खडा गरेको छ। यो केवल एउटा बाटो होइन, समृद्धिको बलियो आधार हो। अर्थतन्त्रको रक्तसञ्चार भनेकै सुचारु र सुरक्षित यातायात सञ्जाल हो। जबसम्म देशको कुनाकाप्चामा सहज पहुँच पुग्दैन, विकास सम्भव हुँदैन। बलियो उदाहरण छिमेकी देश चीनका कुनाकाप्चाको विकास छ, मूलत : सडक सञ्जाल र सुरुङमार्ग। नेपालले लामो समयसम्म भिरपहरा फोडेर साँघुरा र जोखिमपूर्ण सडक बनायो। त्यस्ता जोखिमपूर्ण सडकमा हरेक वर्ष सयौं नागरिकले ज्यान गुमाए, गुमाइरहेछन्। पहिरोले महिनौं सडक बन्द हुँदा अर्थतन्त्रले अर्बौंको घाटा बेहोर्छ। यस्तो समस्याको एक मात्र दिगो विकल्प भनेको सुरुङमार्ग नै हो ।

जाइकाको तथ्यांकअनुसार नागढुंगा सुरुङ २.६८ किलोमिटर लामो छ । जापानी अन्तर्राष्ट्रिय सहयोग नियोग (जाइका)को ऋणमा यो बनेको हो । जसको कुल लागत करिब २२ अर्ब रुपैयाँ छ । यसले काठमाडौं उपत्यकालाई देशका मध्य र पश्चिमी भागसँग सहज रूपमा जोडेको छ।

दैनिक हजारौं सवारीसाधनले अब लामो जाम र उकालोको सास्ती भोग्नु पर्दैन । दुर्घटनाको जोखिम पनि आधा हुने छ। यसले वार्षिक अर्बौं रुपैयाँबराबरको पेट्रोलियम पदार्थ आयात घटाउनेछ । उता, सिद्धार्थ राजमार्गको सिद्धबाबा खण्ड मृत्युमार्गको रूपमा कुख्यात छ। माथिबाट खस्ने ढुंगा र पहिरोले त्यहाँ बर्सेनि धेरैको ज्यान लिइसकेको छ । त्यसैले १.१२ किलोमिटर लामो सिद्धबाबा सुरुङ निर्माण सुरु गरिएको छ । स्विस च्यालेन्ज विधिबाट अघि बढाइएको यो आयोजना निकै महत्त्वपूर्ण छ। सरकारी तथ्यांकअनुसार यसको लागत ७.३४ अर्ब रुपैयाँ छ। यसले बुटवल र पोखराबीचको पर्यटकीय तथा व्यापारिक यात्रा सहज र सुरक्षित गर्नेछ।

नेपालका लागि सुरुङमार्ग बिल्कुलै नयाँ प्रविधि भने होइन । इतिहासविद्का अनुसार सन् १९१७ मै हेटौंडाको चुरियामाईमा सुरुङ बनेको थियो । तत्कालीन इन्जिनियर डिल्लीजंग थापाले यो ५०० मिटर लामो सुरुङ बनाएको पाइन्छ। जुन दक्षिण एसियाकै पहिलो मानव निर्मित सडक सुरुङ मानिन्छ । त्यसबेला मकवानपुर र वीरगन्जबीच मालसामान ढुवानी गर्न यो प्रयोग हुन्थ्यो । तर, विडम्बना त्यसपछिका दशकमा यो प्रविधिलाई पूरै बेवास्ता गरियो। त्यही बेलादेखि सुरुङ निर्माणलाई निरन्तरता दिएको भए आज नेपाल कहाँ पुग्थ्यो होला ?

पक्कै पनि विश्वका विकसित देशहरूसँग दाँजिने थियो । सुरुङसँगै उच्च गुणस्तरको सडक सञ्जाल देशैभरि विस्तार भइसक्थ्यो। त्यतिमात्र होइन, वातावरणमैत्री सडकमा नेपाली निर्धक्क गुड्न पाउँथे । किनकि विश्वका लगानीकर्ताहरूले नेपालको पूर्वाधार विकासमा निसंकोच ठूलो लगानी गर्ने थिए । विश्वव्यापी अभ्यास हेर्दा पूर्वाधारमा लगानी गर्ने देश नै धनी छन् । हामीले त्यो ऐतिहासिक अवसरलाई चिनेर पनि सही सदुपयोग गर्न सकेनौं। अब भने चुक्नु हुँदैन ।

नेपालको कुल भूभागको करिब ८३ प्रतिशत हिस्सा पहाड र हिमाल हो। यस्तो कठिन भूगोलमा लामो र घुमाउरो सडक बनाउनु महँगो पर्छ । यस्तो सडकमा पहिरो जाने र दुर्घटना हुने जोखिम उच्च हुन्छ। एकातिर पेट्रोलियम पदार्थको खपत अत्यधिक हुन्छ भने अर्कोतर्फ सवारीसाधनको आयु चाँडै सकिन्छ र तिनको मर्मतमा पनि लगानी बढी हुन्छ। यात्रुले पाउने सास्ती छ छँदैछ। त्यसैले नेपालजस्तो पहाडी देशमा सुरुङको आवश्यकता अत्यन्तै धेरै छ। सुरुङले यात्रा सहज अनि सुरक्षित बनाउँछ र मर्मत खर्च पनि उल्लेख्य घटाउँछ। अबका दिनमा सरकारको पहिलो प्राथमिकता आधुनिक सुरुङमार्ग नै हुनुपर्छ।

विश्वका विकसित देशले सुरुङ निर्माणमा चामत्कारिक प्रगति गरेका छन् । १० देशको अभ्यासले सुरुङको महत्त्व थप स्पष्ट हुन्छ : -

१. **स्विट्जरल्यान्ड** : यो नेपाल जस्तै भूपरिवेष्ठित र पहाडी देश हो। यसले सुरुङलाई आफ्नो राष्ट्रिय गौरव र समृद्धिको आधार मानेको छ । स्विस सरकारको तथ्यांक अनुसार, ‘गोथार्ड बेस सुरुङ’ ५७ किलोमिटर लामो छ। पहाड छेड्ने स्विस प्रविधि र लगानी मोडेल नेपाललाई निकै अनुकूल छ।

२. **जापान** : जापान सधैं भूकम्प र विपद्को उच्च जोखिममा छ। जापानले ५३.८ किलोमिटर लामो ‘सेइकन सुरुङ’ बनाएर विश्वलाई चकित पारिसकेको छ। जस्तोसुकै विपद्मा पनि नभत्किने सुरुङ बनाउनु जापानको मुख्य नीति हो। नेपालले जापानबाट विपद् प्रतिरोधी र सुरक्षित इन्जिनियरिङ कला सिक्न सक्छ।

३. **चीन** : चीनले छोटो समयमै पूर्वाधार निर्माणमा विश्वलाई उछिनेको छ। चिनियाँ सञ्चारमाध्यमका अनुसार ‘झोङ्नानसान सुरुङ’ १८ किलोमिटर लामो छ। द्रुत निर्माण र ठूला पूर्वाधारमा लगानी चीनको सफल नीति हो।

४. **नर्वे** : नर्वेले चट्टानी पहाड र समुन्द्रमुनि अचम्मका सुरुङ बनाएको छ। नर्वेको २४.५ किलोमिटर लामो ‘लायरडाल सुरुङ’ विश्वकै लामो सडक सुरुङ थियो कुनै बेला नर्वेले निकै कम लागतमा अत्यन्तै बलियो सुरुङ बनाउने प्रविधि विकास गरेको छ । नर्वेको यो लागत-प्रभावी प्रविधि नेपालको कमजोर अर्थतन्त्रका लागि निकै उपयोगी छ।

५. **अस्ट्रिया** : सुरुङ निर्माण प्रविधिमा अस्ट्रियाको प्राविधिक योगदान विश्वव्यापी छ। यसले ‘न्यु अस्ट्रियन टनेलिङ मेथड’ (एनएटीएम) प्रविधि विकास गरेको छ। यो प्रविधि अहिले विश्वभरि नै सबैभन्दा धेरै प्रयोग हुन्छ। नेपालका नागढुंगा र सिद्धबाबा सुरुङमा पनि यही भरपर्दो प्रविधि प्रयोग भइरहेको छ।

६. **दक्षिण कोरिया** : कोरियाले पहाडी भूगोलमा उत्कृष्ट सडक सञ्जाल बनाएको छ। ११ किलोमिटरको ‘इन्जे-याङ्याङ सुरुङ’ बनाएर कोरियाले यात्राको दूरी छोट्याएको छ । सुरुङ निर्माणमा कोरियाले वातावरणीय सन्तुलनलाई अत्यन्तै धेरै ध्यान दिने गर्छ।

७. **भारत** : भारतले हिमालय क्षेत्रमा आक्रामक रूपमा सुरुङ बनाउँदैछ। ९.०२ किलोमिटर लामो ‘अटल सुरुङ’ उच्च पहाडी भेगको सफल उदाहरण हो । यसले कठिन हिमाली मौसममा पनि बाह्रैमहिना सुरक्षित यातायात सुचारु गर्छ।

८ र ९. **इटाली र फ्रान्स** : यी दुई प्रमुख युरोपेली राष्ट्र हुन्। दुवै मिलेर ११.६ किलोमिटरको ‘मोन्ट ब्लांक सुरुङ’ बनाएका छन् । आल्प्स पर्वतमुनि बनेको यो सुरुङले दुई देशको व्यापार उल्लेख्य मात्रामा बढाएको छ।

१०. **अमेरिका** : अमेरिकाले सुरुङ निर्माण गर्दा सुरक्षालाई सर्वोच्च प्राथमिकता दिन्छ। कोलोराडोमा रहेको ‘आइसेनहावर सुरुङ’ उच्च इन्जिनियरिङको महत्त्वपूर्ण र सफल उदाहरण हो । भारी हिमपात हुने क्षेत्रमा पनि यसले बाह्रै मास सुरक्षित यात्रा सुनिश्चित गरेको छ।

यी १० देशको अभ्यासले नेपाललाई अत्यन्तै स्पष्ट सन्देश दिएको छ। त्यो हो- पहाडलाई विकासको बाधक होइन, सदुपयोगको अवसर मान्नुपर्छ। नेपालले परम्परागत सडक निर्माणको सोचलाई अब पूर्ण रूपमा त्याग्नुपर्छ। छोटो, सुरक्षित र वातावरणमैत्री जुन आधुनिक प्रविधि अपनाएर कम लागतमा निर्माण गर्ने हुनुपर्छ।

“कम्तीमा १० उत्कृष्ट देशका सफल अभ्यास हेरेर प्राविधिक क्षमता बढाउँदै त्यही गति र लयमा सुरुङ युगमा दौडनुपर्छ। बलियो राजनीतिक इच्छाशक्ति र स्पष्ट नीति हुने हो भने यो असम्भव छैन। लगानी स्वत : जुट्ने छ। सुरुङ प्रविधिको सफल प्रयोगले नै नेपाललाई विकसित देशको सूचीमा उभ्याउनेछ।“

सुरुङ निर्माण होस् वा वातावरणमैत्री सडक, सुरुमा धेरै लगानी लाग्छ, यो एकदमै सत्य हो । तर दीर्घकालीन रूपमा यसले दिने प्रतिफल लगानीभन्दा कयौं गुणा बढी हुन्छ । सुरुङले पहिरोको जोखिम शून्यमा झार्ने हुनाले सडक मर्मतको ठूलो खर्च पूर्णत : जोगिन्छ । यस्ता दर्जनौं फाइदा हुनेछन्। नेपालको दिगो विकासका लागि यातायात पूर्वाधारमा यस्तो क्रान्ति ल्याउनु अपरिहार्य छ। सडक यातायातमा हुने ढिलासुस्तीले हाम्रो उत्पादन लागत विश्वबजारमा महँगो भएको छ। जबसम्म ढुवानी सस्तो हुँदैन, तबसम्म हाम्रा उद्योगहरू फस्टाउन सक्दैनन्।

पर्यटन विकासमा पनि सुरुङमार्गले कायापलट ल्याउने विशाल क्षमता राख्छ। विदेशी पर्यटकहरू सधैं सुरक्षित र छिटो यात्रा गर्न चाहन्छन् । नेपालको जोखिमपूर्ण सडक देखेर धेरै पर्यटक सडक यात्रा गर्न डराउँछन् । सुरुङमार्ग बनेपछि विदेशी र स्वदेशी पर्यटकको संख्या ह्वात्तै बढ्नेछ । काठमाडौंबाट पोखरा दुई घण्टामै पुग्दा पर्यटन उद्योगमा ठूलो आर्थिक क्रान्ति आउनेछ। सुरुङमार्ग केवल सडकमात्र होइन, यो जीवन बचाउने सेतु पनि हो । बिरामी पर्दा दुर्गमका नागरिकले समयमै अस्पताल पुगेर सहजै जीवनदान पाउनेछन्।

प्रविधिको कुरा गर्दा नेपाल अहिले विदेशी ठेकेदारको मात्र भर पर्नु परेको छ । भविष्यमा नेपालले आफैं सुरुङ खन्न सक्ने उपकरण र जनशक्ति तयार गर्नुपर्छ । विश्वविद्यालयहरूले सुरुङ इन्जिनियरिङमा विशेष अध्ययन र अनुसन्धान तत्काल सुरु गर्नुपर्छ । सुरुङमार्ग निर्माणलाई नेपालले राष्ट्रिय गौरवको प्रमुख एजेन्डा बनाउनैपर्छ । यसका लागि छुट्टै र शक्तिशाली ‘सुरुङमार्ग विकास प्राधिकरण’ गठन गर्नु सकिन्छ। ‘पब्लिक-प्राइभेट पार्टनरसिप’ मोडललाई सुरुङ निर्माणको प्रमुख आर्थिक आधार बनाउनुपर्छ। अन्तर्राष्ट्रियस्तरका यस्ता पूर्वाधारले देशको समग्र छविमै ठूलो र सकारात्मक परिवर्तन ल्याउँछन् । विदेशी दातृ निकायहरूले पनि नेपालको यो पहललाई सकारात्मक रूपमा लिनेछन् । अझ यी आयोजना पारदर्शी रूपमा समयमै सकिए थप विदेशी अनुदान सहजै आउनेछ। प्राविधिक अड्चनहरूमा विदेशी विज्ञको सहयोग लिनुपर्छ।

अन्त्यमा, सुरुङमार्ग कुनै विलासिताको विषय होइन, यो भूगोलको बाध्यता हो । यो सुरक्षित भविष्यको आवश्यकता र समृद्ध अर्थतन्त्रको बलियो आधार हो। पहाडको छाती चिरे पनि वातावरण जोगाउँदै सुरुङ नबनाएसम्म नेपालको विकासले गति लिन सक्दैन । नागढुंगा र सिद्धबाबा सुरुङले नेपालको उज्यालो भविष्यको बलियो ढोका ढकढक्याएका छन्।

चुरियामाई सुरुङ निर्माणपछिको सय वर्ष यत्तिकै खेर फाल्यौं, जुन दुर्भाग्यपूर्ण थियो। अबको दशक मुख्य राजमार्गहरूलाई सुरुङ युगमा प्रवेश गराउनैपर्छ। कम्तीमा प्रस्तुत १० देशका सफल अभ्यास हेरेर प्राविधिक क्षमता बढाउँदै त्यही गति र लयमा सुरुङ युगमा दौडनुपर्छ। बलियो राजनीतिक इच्छाशक्ति र स्पष्ट नीति हुने हो भने यो असम्भव छैन। लगानी स्वत : जुट्ने छ। सुरुङ प्रविधिको सफल प्रयोगले नै नेपाललाई विकसित देशको सूचीमा उभ्याउनेछ।

अत्याधुनिक प्रविधि तथा विशेषज्ञ सेवासहित ३ वर्षे नसिङ कलेज भएको महोत्तरीको एकमात्र अस्पताल

- २४ सं घण्टा इमजेन्सी सेवा
- ICU,NICU,PICU सेवा
- EndosocopyDiode Laser सेवा
- विभिन्न ोगहरुको विशेषज्ञ डाक्टहरुद्धाा उत्कष्ट स्वास्थ्य सेवा
- Laproscopy सेवा
- X-Ray, USG, CT Scan सेवा
- क्याबिनको समेत व्यवस्था भएको
- 247 Ambulance सेवा

SHUBHA SWOSTIK HOSPITAL PVT.LTD

शुभ स्वस्तिक हस्पिटल प्रा.लि.
मेनोरोड बर्दिबास, महोत्तरी
०४४-५५२५५,९८१२०१८०१०



# सर्पदंशबाट ५५ जनाको मृत्यु, मधेशमा सबैभन्दा बढी मानवीय क्षति



• टक नेपाल

वर्षायाम सुरु भएसँगै देशभर सर्पदंशका घटना बढ्दै गएका छन् । पछिल्लो तथ्यांकअनुसार सर्पको टोकाइबाट हालसम्म ५५ जनाको मृत्यु भएको छ भने ७०१ जना घाइते भएका छन् ।

राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणका अनुसार हालसम्म देशका ६४ जिल्लामा सर्पदंशका ७५१ वटा घटना दर्ता भएका छन् ।

प्राधिकरणको तथ्यांकअनुसार सर्पदंशबाट ज्यान गुमाउने मध्ये २५ जना पुरुष र ३० जना महिला रहेका छन् । घाइते हुनेमा ३०६ पुरुष र ३९५ महिला छन्, जसले पुरुषको तुलनामा महिला बढी प्रभावित भएको देखाउँछ ।

जिल्लागत रूपमा सबैभन्दा बढी ७२ वटा सर्पदंशका घटना कञ्चनपुरमा दर्ता भएका छन् भने सबैभन्दा बढी ६ जनाको मृत्यु कैलालीमा भएको छ ।

प्रादेशिक रूपमा सबैभन्दा बढी मानवीय क्षति मधेश प्रदेशमा भएको छ। मधेशका आठ जिल्लामा १२० वटा सर्पदंशका घटना हुँदा २० जनाको मृत्यु भएको छ भने १०० जना घाइते भएका छन् ।

लुम्बिनी प्रदेशका १२ जिल्लामा २१८ वटा घटना दर्ता हुँदा १५ जनाको मृत्यु र २०३ जना घाइते भएका छन् । कोशी प्रदेशका धनकुटा र खोटाङबाहेक १२ जिल्लामा १०९ वटा घटना हुँदा ८ जनाको मृत्यु र १०१ जना घाइते भएका छन् ।

सुदूरपश्चिम प्रदेशका नौ जिल्लामा १६६ वटा सर्पदंशका घटना हुँदा ७ जनाको मृत्यु र १६४ जना घाइते भएका छन् । कर्णाली प्रदेशमा कालीकोटबाहेक नौ जिल्लामा ४३ वटा घटना दर्ता हुँदा ३ जनाको मृत्यु र ४० जना घाइते भएका छन् ।

बागमती प्रदेशका १३ जिल्लामध्ये सिन्धुपाल्चोक, काभ्रेपलाञ्चोक, काठमाडौं, ललितपुर र मकवानपुर बाहेक आठ जिल्लामा ३२ वटा सर्पदंशका घटना भएका छन् । यस प्रदेशमा दोलखामा एक जनाको मृत्यु भएको छ भने ३१ जना घाइते भएका छन् ।

गण्डकी प्रदेशका लमजुङ, तनहुँ, पर्वत, स्याङ्जा, बागलुङ र नवलपुर गरी ६ जिल्लामा ६३ वटा सर्पदंशका घटना दर्ता भएका छन्। गण्डकीमा ६३ जना घाइते भए पनि हालसम्म सर्पदंशका कारण कुनै पनि मानवीय मृत्यु नभएको प्राधिकरणको तथ्यांकले देखाएको छ ।

# लहानमा पेस्तोलसहित तीन जना पक्राउ

• टक नेपाल

सिरहाको लहान नगरपालिका-२२ सलोखवरीबाट प्रहरीले अवैध हतियारसहित तीन जनालाई पक्राउ गरेको छ ।

जिल्ला प्रहरी कार्यालय सिरहाका अनुसार प्रहरी चौकी सितापुरबाट खटिएको टोलीले नियमित गस्तीका क्रममा चेकजाँच गर्दा २० वर्षीय सबरजीत दासको साथबाट ९ एमएमको जस्तो देखिने म्याग्जिनसहितको एक थान पेस्तोल बरामद गरेको हो ।

घटनामा संलग्न रहेको आशंकामा प्रहरीले सोही स्थानका करिब २० वर्षीय गुरुदेव दास र १९ वर्षीय संजय दासलाई पनि पक्राउ गरेको जनाएको छ ।

बरामद गरिएको पेस्तोल तथा म्याग्जिनसहित तीनै जनालाई आवश्यक कानुनी प्रक्रिया पूरा गरी थप अनुसन्धानका लागि इलाका प्रहरी कार्यालय लहानको नियन्त्रणमा राखिएको जिल्ला प्रहरी कार्यालय सिरहाले जनाएको छ ।

## सर्पले टोकिहालेमा के गर्ने ?

- सर्पले टोकेको व्यक्तिलाई कोल्टे सुताउने । ढाडमा उत्तानो सुताउँदा श्वासप्रश्वासमा अवरोध पुग्नसक्छ ।
- घाउ चुसेर वा काटेर विष निकाल्न नखोज्ने । घाउ भएको शरीरको भाग धेरै चलाउन नदिने ।
- घरेलु उपचार, जडिबुटीको प्रयोग र झारफुक गराउनेतिर नलाग्ने । अबिलम्ब चिकित्सा उपचार गराउने ।

**सर्पको टोकाईको समयमै उपचार गरिएन भने व्यक्तिको ज्यानै समेत जान सक्छ । त्यसैले सर्पले टोकेको खण्डमा चाँडोभन्दा चाँडो सर्पले टोकेको व्यक्तिलाई नजिकको अस्पताल वा सर्पदंश उपचार केन्द्रमा लगिहाल्नोस् ।**

**बर्दिबास नगरपालिका, मधेश प्रदेश, महोत्तरी**

# लहानमा घरघरमा शौचालय निर्माण अभियान

• टक नेपाल



सिरहाको लहान नगरपालिकाले नगरलाई पूर्ण सरसफाइयुक्त बनाउने लक्ष्यसहित घरघरमा शौचालय निर्माण अभियानलाई तीव्रता दिएको छ । खुला दिसामुक्त क्षेत्र घोषणा भएको करिब एक दशक बित्न लाग्दा पनि नगरका ४ हजार २०१ घरधुरीमा अझै शौचालय नभएको पाइएको छ ।

आठ महिनाअघि नगरपालिकाले सञ्चालन गरेको स्वच्छता सर्वेक्षणअनुसार २३ हजार १९० घरधुरी मध्ये १५ हजार ९१२ घरधुरीमा कार्यशील शौचालय रहेका छन् भने ३ हजार ४४४ घरधुरीमा शौचालय भए पनि नियमित प्रयोगमा छैनन् ।

नगरपालिकाका अनुसार सबैभन्दा बढी दलित तथा मुसहर समुदायका परिवार शौचालयविहीन छन् । केही सम्पन्न परिवारमा समेत शौचालय नदेखिएपछि सबै घरधुरीलाई समेट्ने गरी विशेष रणनीतिसहित अभियान सञ्चालन गरिएको हो ।

नगर प्रमुख महेश चौधरीले दलित जनकल्याण युवा क्लबसँगको सहकार्यमा मुसहर बस्तीमा आधुनिक सामुदायिक शौचालय निर्माणलाई प्राथमिकता दिइएको जानकारी दिनुभयो । उहाँका अनुसार हालसम्म विभिन्न सुकुमवासी बस्तीमा ६ वटा सुविधा सम्पन्न सामुदायिक शौचालय निर्माण गरी सञ्चालनमा ल्याइसकिएको छ भने अन्य स्थानमा पनि निर्माण कार्य विस्तार भइरहेको छ ।

उहाँले जग्गाको अभावका कारण व्यक्तिगत शौचालय बनाउन नसकेका विपन्न परिवारका लागि सामुदायिक शौचालय निर्माणलाई निरन्तरता दिइने बताउँदै नगरलाई शतप्रतिशत शौचालययुक्त बनाउने अभियानमा सबै नगरवासीको सहयोग आवश्यक रहेको उल्लेख गर्नुभयो ।

अभियानलाई प्रभावकारी बनाउन नगरस्तरमा एक, २४ वटै वडामा तथा ८१ वटा टोलस्तरीय खानेपानी, सरसफाइ तथा स्वच्छता समिति गठन गरिएको छ । समितिमार्फत स्थानीय युवा र क्लबलाई परिचालन गरी घरायसी सरसफाइ, महिनावारी स्वच्छता व्यवस्थापन तथा पानीजन्य रोग नियन्त्रणसम्बन्धी जनचेतनामूलक कार्यक्रम सञ्चालन भइरहेका छन्।

नगरपालिकाका अनुसार हालसम्म ४६० घरधुरीमा शौचालय निर्माण सम्पन्न भइसकेको छ भने थप २०३ घरधुरीमा निर्माण कार्य अन्तिम चरणमा पुगेको छ ।

खानेपानी तथा सरसफाइ क्षेत्रमा सहकार्य गरिरहेको विकन परियोजनाका प्रबन्धक राजेश लोहनीले टोलस्तरमै समिति गठन गरी युवालाई जिम्मेवारी दिइएकाले सरसफाइसम्बन्धी व्यवहारमा सकारात्मक परिवर्तन आउने विश्वास व्यक्त गर्नुभयो ।

# कागजमै सिमित भयो मन्त्रालय घटाउने सहमति

• टक नेपाल




मन्त्रालयको संख्या घटाउने मधेस प्रदेश सरकाका सत्तारुढ दलको सहमति कागजमै सीमित भएको देखिएको छ ।

नेपाली कांग्रेसका कृष्णप्रसाद यादव नेतृत्वको मधेस सरकारले गएको जेठ १२ गते सत्ता साझेदार दलसँग १५ बुँदे सहमति गरेको थियो । सहमतिका प्रमुख बुँदा आर्थिक वर्ष २०८३/०८४ देखि मधेसमा मुख्यमन्त्रीसहित नौ मात्र मन्त्रालय कायम गर्ने रहेको थियो ।

कांग्रेस, नेकपा (एमाले) र नेपाली कम्युनिस्ट पार्टी (नेकपा) का नेताहरूले हस्ताक्षर गरेको सहमतिपत्रको ४ नम्बर बुँदामा भनिएको छ, 'आ.व. २०८३/०८४ बाट कायम हुने गरी हाल मधेस प्रदेश सरकारमा कायम रहेको मन्त्रिपरिषद्मा मन्त्रीहरूको संख्या घटाई मुख्यमन्त्रीसहित नौ कायम गरिनेछ ।' मन्त्रिपरिषद्को संख्या नौ कायम भएपश्चात् मन्त्रालयको बाँडफाँट गर्दा मुख्यमन्त्रीलाई साझा राख्दै नेकपा (एमाले)ले तीनवटा, नेपाली कांग्रेसले तीनवटा र नेपाली कम्युनिस्ट पार्टीले दुईवटा मन्त्रालय पाउनेछ ।

तर, नयाँ आर्थिक वर्ष सुरु भएको तीन साता बितिसक्दा मधेसमा मन्त्रालय घटाउने विषयमा औपचारिक प्रक्रिया थालिएको छैन । मन्त्रालय घटाउन अर्थमन्त्री युवराज भट्टराईको नेतृत्वमा जेठ २० गते तीन सदस्यीय कार्यदल पनि गठन गरिएको थियो । ती कार्यदलले आफ्नो प्रतिवेदन बुझाइसकेपनि मुख्यमन्त्रीले चासो लिएको छैन ।

नेकपा र एमालेबीचको तीन बुँदे सहमतिले सरकार आफै अन्यौलतामा परेपछि मुख्यमन्त्री यादवले आफ्नो कुर्सी बचाउन मन्त्रालय घटाउने मुद्दामा चासो नलिएको बुझिएको छ । मुख्यमन्त्री कृष्णप्रसाद यादवले मन्त्रालय घटाउने प्रक्रिया अगाडि बढाउन बाँकी नै रहेको बताए । 'स्थिति, परस्थिति फरक भएको छ । त्यही भएर प्रक्रिया अगाडि बढेको छैन्,' उनले भने, 'प्राविधिक कुराहरू मिलाउनुपर्छ । हामी लागिरहेका छौं । जनतालाई रिजल्ट चाहिएको छ, हामी दिन्छौं ।' कहिलेसम्म मन्त्रालय घटाउने भन्ने विषयमा उनले यकिनसाथ भन्न नसकिने प्रतिक्रिया दिए । मधेस प्रदेशस भामा एमाले संसदीय दलका नेता सरोजकुमार यादव (महोत्तरी) ले मन्त्रालय घटाउने प्रक्रिया अगाडि बढाउन मुख्यमन्त्रीलाई दुईपटक भनिए पनि चासो नदिएको गुनासो गरे ।

अबको एक साताभित्र यो प्रक्रिया अगाडि बढाउन पुनः झकझक्याइने उनले बताए । एमालेका मन्त्री दोहोरिने कि फेरिने विषयमा उनले पार्टी नेतृत्वसँग छलफल गरेर अगाडि बढ्ने बताए । मन्त्रीहरूको कार्यसम्पादन बारे पार्टी केन्द्रमा जानकारी गराइने उनले उल्लेख गरे । पार्टी नेतृत्वसँग सल्लाह गरेर मन्त्री फेर्ने/निरन्तरता दिने निर्णय गरिने उनले जानकारी दिए । नेकपाबाट उद्योग, वाणिज्य तथा पर्यटनमन्त्री बनेका कनिश पटेलले यो विषयमा छलफल चलिरहेको बताए ।

तर, कुनै निर्णय नभएको उनले जानकारी दिए । एक साताभित्र यो विषयमा यकिनसाथ भन्न नसकिने उनको भनाइ छ । यस वर्ष वैशाख २३ गते जनमत पार्टीले सरकारबाट समर्थन फिर्ता लिएर अर्को सत्ता समीकरण बनाउने प्रयास गरेको थियो । तर, मुख्यमन्त्री यादवले जनता समाजवाद पार्टी -जसपा), नेपालका मन्त्रीलाई बर्खास्त गर्दै एमालेलाई सरकारमा ल्याएका थिए । हाल जसपा नेपाल, जनमत र राष्ट्रिय प्रजातन्त्र पार्टी - राप्रपा) मधेसमा प्रतिपक्षको भूमिका छन् ।

## मानव बेचबिखन विरुद्ध सचेतना

- मानव बेचबिखन गम्भीर मानवअधिकार उल्लङ्घन तथा कानूनबमोजिम दण्डनीय अपराध हो ।
- आकर्षक तलब, वैदेशिक रोजगारी वा विवाहको झुटो प्रलोभनमा नफसौं ।
- विदेश जानुअघि सम्बन्धित सरकारी निकायबाट अनुमति र आवश्यक जानकारी लिनुहोस् ।
- अपरिचित व्यक्तिलाई नागरिकता, राहदानी वा अन्य व्यक्तिगत कागजात नदिनुहोस् ।
- सामाजिक सञ्जालमार्फत आएका अपरिचित व्यक्तिको प्रस्तावप्रति सतर्क रहनुहोस् ।
- बालबालिका, महिला तथा जोखिममा रहेका व्यक्तिहरूको विशेष सुरक्षा गरौं ।
- कुनै पनि शंकास्पद गतिविधि देखेमा तुरुन्त प्रहरी वा सम्बन्धित निकायलाई जानकारी गराऔं ।
- सुरक्षित वैदेशिक रोजगारका लागि कानुनी प्रक्रिया मात्र अपनाऔं ।
- लोभलाग्दा विज्ञापन र दलालहरूको झुटा आश्वासनबाट सावधान रहौं ।
- आफ्ना परिवारका सदस्य र समुदायलाई मानव बेचबिखनका जोखिमबारे सचेत बनाऔं ।
- बालश्रम, जबर्जस्ती श्रम र यौन शोषण मानव बेचबिखनका रूपहरू हुन् भन्ने कुरा बुझौं ।
- कुनै पनि व्यक्तिलाई इच्छा विपरीत काम गर्न बाध्य पार्नु अपराध हो ।

- बेचबिखनका पीडितलाई सहयोग, संरक्षण र न्याय दिलाउन सबैले हातेमालो गरौं ।
- मानव बेचबिखनमुक्त समाज निर्माणका लागि समुदाय, स्थानीय सरकार र सुरक्षा निकायसँग सहकार्य गरौं ।

**बर्दिबास नगरपालिका, महोत्तरी, मधेश प्रदेश**

बर्दिबास मिडिया ग्रुप प्रा.लि. द्वारा प्रकाशित, प्रकाशकः तुलसामाया कार्की, अध्यक्ष निर्देशकः ललन मण्डल, सम्पादक : रंजु साह
मुद्रक : आमोश अफसेट प्रिन्टिङ्ग प्रेस, बदिबास-३, महोत्तरी, प्रधान कार्यालय : बर्दिबास, महोत्तरी E-mail : talknepalnationaldaily@gmail.com , Mo.9863321014